# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २४ गते २०२८ साल

श्री ५ को सरकार
अर्थ मन्त्रालयको

### सूचना

माननीय प्रधान मन्त्री तथा अर्थ मन्त्री श्री कीर्तिनिधि विष्टले २०२८ साल आषाढ २४ गते रोज ५ का दिन दिनुभएको २०२८।२९ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

माननीय अध्यक्ष महोदय,

आर्थिक दशकको पहिलो बजेट पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित सम्झेको छु। आर्थिक दशकलाई साकार रूप दिन यस सदन लगायत तमाम देशवासीहरूबाट पूर्ण सहयोग पाउने भरोसा लिई सरकारी तहबाट लिइनु पर्ने हर कदमहरू उठाउन श्री ५ को सरकार कटिबद्ध भएको कुरा म सर्वप्रथम विश्वास दिलाउन चाहन्छु। श्री ५ महाराजाधिराज सरकारको आह्वानबाट आज हामी तमाम नेपालीमा ठूलो उत्तरदायित्व आएको छ। त्यसलाई सफलतापूर्वक पूरा गर्न देशको राजनैतिक, सामाजिक तथा आर्थिक समुदायको प्रत्येक तहबाट अकुण्ठित योगदान हुनु पर्ने कुरा निर्विवाद छ। सरकारी तहबाट अपनाइने हर किसिमको नीति र कार्यक्रमको प्रभावकारिता पनि सम्बन्धित सबैको सहयोगमा भरपर्ने कुरा स्पष्ट छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक दशकमा श्री ५ को सरकारले के कस्तो नीति अपनाउने भन्ने कुराको व्याख्या हुनुअघि विगत वर्षका अनुभवहरूको ईमानदारीपूर्वक लेखाजोखा हुन वाञ्छनीय ठान्दछु । पञ्चायती व्यवस्थाको प्रादुर्भावपछि देशमा राजनैतिक स्थिरताको वातावरण तथा सामाजिक जागरणको कारणले देशमा निश्चय नै आर्थिक विकासको लागि बलियो आधारब नाएको छ । यसको अतिरिक्त विगत दश वर्षमा विभिन्न क्षेत्रहरूमा आर्थिक विकासको लागि जुन आवश्यक आधारभुत विषयहरूको सृजना तथा विकास गर्ने कार्यहरूमा प्रगति हासिल गर्न सकेका छौं, सो प्रेरणादायक छ । कृषि क्षेत्रमा कृषि उत्पादन वृद्धि गर्न कृषि अनुसन्धान र कृषि प्रसारको लागि चाहिने सुविधाहरूको विस्तार हुनुको साथै कतिपय कृषि उपकरणहरू र कृषि ऋण वितरण गर्ने संस्थाहरूको स्थापना भइसकेका छन् । यातायात क्षेत्रमा सडक निर्माण तथा हवाई मार्गको विस्तारले देशको विभिन्न भागहरूलाई एक आपसमा आबद्ध गर्न सक्षम भएको छ । विद्युत्को उत्पादनमा वृद्धि भएको छ र देशको औद्योगिकरण, कृषि विकास र अन्य सेवा सम्बधी उद्योगको विकासलाई यसबाट निक्कै सहयोग भएको छ । औद्योगिक क्षेत्रमा पनि कतिपय औद्योगिक उपभोग्य वस्तुहरू देशभित्र उत्पादन हुन थालेका छन् र औद्योगिक विकासको आधार सृजना गर्ने विषयहरूमा आशापूर्ण उपलब्धि भएका छन् । यस किसिमका भौतिक उपलब्धिको साथै आर्थिक विकासको क्रमलाई प्रभावकारी बनाउन र योजना कार्यान्वयनलाई बढी सुगम बनाउन कार्यक्रम नियोजन प्रणाली अपनाइएकोले योजनामा निर्धारित उद्देश्यहरू कार्यमा परिणत गर्न सहायक सिद्ध भएको छ ।

यी उपलब्धिहरू महत्त्वपूर्ण देखिए तापनि हाम्रो आवश्यकता, उद्देश्य तथा लक्ष्यको पृष्ठभूमिमा विचार गर्ने हो भने केवल यसबाट हामीले सन्तोष लिने ठाउँ छैन । विगत वर्षहरूमा विभिन्न क्षेत्रमा माथि उल्लेख भएअनुसार प्रगतिको वावजुद पनि सर्वसाधारण जनताको रहनसहनमा उल्लेखनीय असर पर्ने किसिमबाट राष्ट्रिय उत्पादन तथा आयमा वृद्धि गर्नेतर्फ अझै ठोस कदम चाल्नु परेको छ । बढ्दो जनसंख्याको पृष्ठभूमिमा द्रुततर आर्थिक विकासको गति जारी राख्न जुन अनुपातमा लगानीमा वृद्धि हुनुपर्ने थियो सो अब गर्न सक्ने र पर्ने अवस्था छ । आज एकातिर गैरसरकारी क्षेत्रमा हामीले चाहे जस्तो सक्रियता आउन सकेको छैन भने सरकारी क्षेत्रमा पनि लगानी बढाउँदै लैजाने र त्यसको प्रभावकारी रूपमा सदुपयोग गर्नेतर्फ धेरै नै हुन बाँकी छ । विभिन्न क्षेत्रहरूमा विकास कार्यको लागि बजेटमा समावेश भएको रकमको पूरापूर खर्च हुन नसक्नेबाट आज हाम्रो समस्या साधनको कमीभन्दा उपलब्ध साधनको सदुपयोग गर्ने क्षमता वृद्धि गर्नु हो भन्ने कुरा स्पष्ट हुन्छ । तसर्थ आर्थिक दशकको उद्देश्य प्राप्तिको लागि हामीले यस दशकको प्रारम्भिक चरणदेखि नै हाम्रो लगानी क्षमतामा रहेका त्रुटिहरू पैल्याई यस दिशामा आवश्यक सुधार ल्याउन परेको छ । आर्थिक विकासको दरमा उत्तरोत्तर वृद्धि कायम राख्न सरकारी क्षेत्रमा प्रशासन यन्त्रको कार्यदक्षतामा सुधार हुनुको साथै सक्दो मात्रामा पूंजीको परिचालन गरी आर्थिक दृष्टिकोणबाट विवेकपूर्ण किसिमले साधनको सदुपयोग हुने परिपाटी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११०

बसाल्नु परेको छ । सरकारी क्षेत्रको लागि आर्थिक साधनको परिचालन गर्दा सामाजिक न्यायको अतिरिक्त गैर सरकारी क्षेत्रको उत्पादनशील गतिविधिमा अनावश्यक प्रतिकूल प्रभाव पर्न नदिने कुरालाई समेत ध्यानमा राखिनु पर्नेछ । खासगरी देशको औद्योगिक तथा व्यापारिक क्षेत्रमा केही समय यता देखापरेको अनिश्चितताको वातावरण साम्य भई एक नियमित रूप कायम नभए-सम्म राजस्वको सम्बन्धमा आमूल किसिमको परिवर्तन गर्ने गुन्जायस देखिदैन । तर पनि चाँहिदो मात्रामा लगानी दर कायम राख्नको लागि राजस्वको क्षेत्रमा उठाउनु पर्ने कदमहरूको सम्बन्धमा श्री ५ को सरकार सचेत भएको कुरा म सदनलाई बोध गराउन चाहन्छु । आर्थिक विकासको क्रममा उठाइने हाम्रो हर कदमहरूमा मित्रराष्ट्रहरूबाट बढ्दो सहयोग प्राप्त हुने श्री ५ को सरकारले भरोसा राखेको छ । तर नेपालको विकास प्रथमतः नेपालीकै त्याग र तपस्यामा भरपर्ने कुरालाई नबिर्सन म सबैलाई अनुरोध गर्छु ।

चालू वर्षको आर्थिक स्थितिको विश्लेषण गर्दा सर्वप्रथम आर्थिक क्षेत्रमा मित्रराष्ट्र भारतसंग अझै सम्पन्न हुन नसकेको व्यापार तथा पारवहन सम्झौताहरूको असर हाम्रो सामु समस्याको रूपमा उत्पन्न हुन्छ । हुन त दुई देशको बीच औपचारिक सन्धिहरूको अभावमा पनि धेरै जसो आवश्यक पदार्थहरूको आदान प्रदान भैरहेको छ तापनि यो आर्थिक सम्बन्ध न्यूनतम तहको हो र यसबाट दैनिक कारोबार चले तापनि विकासको लागि यो अपर्याप्त मात्र हैन अवरोध-को रूपमा देखा परेको छ । हाम्रो अर्ध विकसित आन्तरिक बजार र यातायातको साधनको कमीको कारणबाट आन्तरिक विकासको गतिविधि वाह्य बजारसंग सम्बन्धित रहेको कुरा स्पष्ट छ । अनिश्चित् बजारको कारणबाट गैर सरकारी क्षेत्रमा हुन सक्ने औद्योगिक विकास लगायत दीर्घ-कालीन विकास आयोजनाहरूको शुरूआत हुन सकेन जसले गर्दा आर्थिक कारोबारमा मन्दी वा साधनको सदुपयोग राम्ररी हुन नसक्ने परिस्थितिको प्रादुर्भाव भयो । अर्कोतर्फ व्यापारमा शिथिलता र नेपालको वाह्य व्यापारमा धेरै प्रकारको अवरोधहरू उत्पन्न हुनाको कारण मन्दी भएबाट देशभित्र समय समयमा आवश्यक पदार्थहरूको कमी र वाह्य व्यापार घट्दै जाने परिस्थिति उत्पन्न भयो । यसप्रकार मालसामानको पहिले जस्तो खुला आदान प्रदान नहुनाको कारणबाट समय समयमा अभाव वा कृत्रिम तवरबाट मूल्यमा वृद्धि हुन गयो । यसको साथै छोटो अवधिको लागि भए तापनि आवश्यक निर्माण सामग्रीहरू प्राप्त हुन नसक्नाको कारणबाट विकास कार्य-क्रममा पनि शिथिलता आउन सक्ने परिस्थिति देखापर्‍यो । साथै श्री ५ को सरकारको राजस्व पनि आर्थिक स्थितिसंग आबद्ध हुनाको कारण राजस्व संकलनमा पनि प्रतिकूल असर पर्न गयो ।

यस्तो परिस्थितिको सामना गर्न श्री ५ को सरकारले विकासको क्रममा कुनै प्रकारको अवरोध नआओस् भन्ने हेतुले राजस्वमा कमी भए तापनि सरकारी क्षेत्रको लागि बजेटमा निर्धारित खर्च लक्ष्यानुसार नै कायम राख्यो । श्री ५ को सरकारको यो नीति आर्थिक क्षेत्रमा देखिएको मन्दगतिलाई धेरै हदसम्म पूर्ति गर्न सहायक भएको छ तापनि चालू वर्ष राष्ट्रिय आर्थिक दृष्टिबाट अनिश्चित् तथा समस्यापूर्ण रह्यो भन्न सकिन्छ । विभिन्न आर्थिक क्षेत्रहरूमा चालू वर्षको गतिविधि माथि विचार गर्दा कृषि उत्पादनतर्फ धान, उखु, सनपाट र सुर्ती उत्पादनमा वृद्धि भएको देखिन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
999

आर्थिक वर्ष २०२६।२७ मा धानको उत्पादन २३ लाख ५० हजार मेट्रिक टन पुगेको अनुमान भएकोमा चालू वर्ष २३ लाख ७५ हजार मेट्रिक टन उत्पादन भएको प्रारम्भिक अनुमान छ । त्यस्तै सनपाट, सुर्ती र उखूको उत्पादनमा पनि क्रमशः४ हजार मेट्रिक टन,१ सय मेट्रिक टन र ११ हजार मेट्रिक टनले वृद्धि भई ५२ हजार मेट्रिक टन, ६ हजार ५ सय मेट्रिक टन र २ लाख १० हजार मेट्रिक टन पुगेको अनुमान छ । तर हिउँदे बाली विशेषतः गहुँको उत्पादनमा भने यस वर्षको असामयिक अति वर्षाले हामीले आशा गरेको अनुपातमा२५ प्रतिशत नोक्सान पुऱ्याएको अनुमान छ । यसै गरी औद्योगिक उत्पादनतर्फ पनि स्वदेशी कच्चा पदार्थ तथा स्वदेशी बजारमा आधारित उद्योगहरूको उत्पादन स्थिति सन्तोषजनक छ । चुरोटको उत्पादन आर्थिक वर्ष २०२६।२७ मा १ अरब ४६ लाख खिल्ली पुगेकोमा चालू आर्थिक वर्षको नौ महीनामा नै १ अरब ५३ लाख पुगेको छ । प्रशोधित छाला र जुत्ता उत्पादन पनि चालू वर्षको नौ महीनामा नै गत वर्षको उत्पादनको झण्डै बराबर वा ५ प्रतिशतले वृद्धि भएको छ । यस किसिममा जूट, चीनी, चुरोट, सलाई, जुत्ता, छाला आदि मुख्य औद्योगिक उत्पादनमा वृद्धि हुने अनुमान छ ।

विदेशी विनिमय कोषमा वृद्धि जारी नै छ । गत आर्थिक वर्ष रू. १३ करोड ९ लाखले वृद्धि भएकोमा यस चालू वर्षको नौ महीनामा रू. ६ करोड ३१ लाखले वृद्धि भएको छ । तर यो वृद्धि खास आम्दानीमा वृद्धि नभई खर्च हुन नसकी वृद्धि हुन गएको हो । वैदेशिक व्यापारको दृष्टिबाट चालू वर्षको उत्तरार्द्धमा केही शिथिलता आएको देखिन्छ । यस वर्ष मुख्यतः दृश्य निर्यात-मा गत वर्षभन्दा निकै कम आर्जन भएको देखिन्छ । यसो हुनुमा व्यापारमा यस वर्ष आएको अनि-श्चितताले गर्दा निर्यातमा मन्दी आएकोले हो । मुद्रा प्रदायको सम्बन्धमा चालू वर्ष झण्डै ११ प्रति-शतले वृद्धि हुने अनुमान छ ।

आधारभूत आर्थिक स्तम्भहरूको सृजनातर्फ पनि यातायातमा मुख्य सडकहरूको निर्माण कार्यहरू लक्ष्य अनुसार संचालन भैरहेका छन् र महेन्द्र राज मार्गको पूर्वी हिस्सा प्रायः पूरा हुन लागेको छ । हवाई विकासतर्फ पनि विमान स्थलहरूको विस्तारको लागि निर्माण कार्य लक्ष्य अनुसार शुरू हुन नसके तापनि निर्माण गर्न आवश्यक व्यवस्था मिलिसकेको छ । हवाई सेवातर्फ शाही वायु सेवा निगमलाई दुइ नयाँ स्टोल हवाई जहाज उपलब्ध गराई सकिएको छ । विद्युततर्फ सुनकोशी जलविद्युत् योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ र जनकपुर भैरहवामा विद्युतीकरण कार्य पूरा हुनुको साथै अन्य क्षेत्रहरूमा पनि विद्युतीकरणको कार्य जोडतोडले चालू छ ।

सामाजिक सेवातर्फ शिक्षामा निम्न तथा मध्य स्तरका प्राविधिज्ञहरूको खाँचो पूरा गर्न व्यावसायिक र प्राविधिक शिक्षाको विकास गर्न संयुक्त राष्ट्र संघको सहायताबाट संचालन गर्न आवश्यक व्यवस्था मिलाई सकिएको छ र स्वास्थ्य तथा अन्य सामाजिक सेवाहरूमा पनि कार्यक्रम अनुरूप कार्य संचालन भैरहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी क्षेत्रको खर्चको बढ्दो स्तर र लगानीको ठूलो भाग तुरुन्त उत्पादन नबढाउने तर विकासको लागि आधारभूत किसिमका आयोजनाहरूमा खर्च भइरहेको कारणबाट पनि केही वर्ष यता मूल्य स्तरमा वृद्धि हुँदै आइरहेछ । हुन त मूल्य वृद्धिहुनाको एक कारण नेपालसंग व्यापारिक सम्बन्ध हुने अन्य मुलुकमा भइरहेको मूल्य वृद्धि पनि हो । तर पनि मूल्य वृद्धिबाट सर्वसाधारणलाई पर्न गएको मर्कालाई ध्यानमा राखी यसलाई यथाशक्य नियन्त्रित गर्न हर प्रयास गर्न परेको छ । खासगरी बेला बेलामा देखापर्ने अत्यावश्यक वस्तुहरूको अभाव र त्यसबाट हुन जाने मूल्य वृद्धिलाई रोक्न र यस्ता वस्तुहरूको नियमित पूर्तिको लागि आवश्यक व्यवस्थाको सृजना गर्ने व्यवस्था मिलाउनु परेको छ ।

आर्थिक स्थिरताको वातावरणमा द्रुततर विकासको क्रम जारी राख्न मुख्यतः उत्पादनमा नै भर पर्दछ । यसको लागि आवश्यक कृषि तथा औद्योगिक वस्तुहरूको उत्पादन बढाउन गैर सरकारी क्षेत्रबाट पनि चाहिंदो मात्रामा योगदान हुन सकेको छैन । गैर सरकारी क्षेत्रमा लगानीको मात्रा बढाउन बचतमा वृद्धि हुन वाञ्छनीय भएकोले बचत संकलनलाई प्रोत्साहन गर्न बचत र मुद्दती निक्षेपमा ब्याज दर यसै वर्षदेखि वृद्धि गरिएको छ । साथै गैर सरकारी क्षेत्रमा पनि राष्ट्रिय प्राथमिकताको आधारमा लगानी बढोस् भन्ने उद्देश्यले यस्ता क्षेत्रहरूमा जाने बैङ्कको कर्जाहरू सुलभ बनाउन ब्याज दर घटाइएको छ । सरकारबाट प्रदत्त अन्य प्रोत्साहनहरूको अतिरिक्त यी मौद्रिक कदमहरूबाट पनि गैर सरकारी क्षेत्रलाई देश निर्माणको कार्यमा आशान्वित रूपमा सरीक हुन सहायता मिल्नेछ ।

माथि प्रस्तुत आर्थिक स्थितिको सन्दर्भमा आगामी वर्षको बजेटमा निम्न नीतिहरू अनुसरण गर्नु उपयुक्त देख्दछु ।

१. देशको विकासको क्रममा उत्पन्न भएका अवरोधहरूलाई हटाई विकासको गतिलाई तिव्रतर गर्दै लैजानु नै श्री ५ को सरकारको बजेटको मूल उद्देश्य हुनेछ ।

२. चालू आर्थिक वर्षमा असाधारण परिस्थितिको कारणबाट विकासको गतिमा केही शिथिलता देखिएको छ तापनि आगामी वर्ष प्रत्येक क्षेत्रमा लगानी वृद्धि गरिनेछ, जसबाट आर्थिक क्षेत्रको गतिविधि बढ्दै जानेछ ।

३. आर्थिक विकासको लहर देशव्यापी गराउन सरकारी लगानीलाई राष्ट्रिय स्तरका प्राथमिक आयोजनाहरूलाई प्रतिकूल असर नपर्ने गरी देशको विभिन्न भागमा फैलाउने नीति कायम गरेको छ ।

४. विगत वर्षहरूमा जस्तै आर्थिक विकासका आधारभूत विषयहरूको विकास कार्य जारी नै राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. आगामी वर्षमा ग्रामीण तहको विकासलाई साधन जुटाई विशेष सजगताकासाथ चालू गरिनेछ ।

६. श्री ५ को सरकारले लगानीमा अपेक्षाकृत ठूलो वृद्धि गर्ने उद्देश्य राखेको छ तापनि माथि उल्लेख गरिए झैं राजस्वतर्फ वर्तमान आर्थिक स्थितिका सन्दर्भमा ठूलो हेरफेर वाञ्छनीय नदेखिएको हुनाले करको बोझमा गत वर्षको दाँजोमा अनिवार्य देखिएका केही क्षेत्र-हरूमा बाहेक थप नगर्ने नीति अपनाइएको छ । हुन त हाम्रो जस्तो आर्थिक अवस्थामा करको दर र ढाँचा बढी प्रगतिशील हुँदै जानुपर्ने कुरा हाम्रै जस्तो आर्थिक स्तरमा रहेको देशको दाँजोमा पनि आवश्यक देखिन्छ । तैपनि आर्थिक क्षेत्रमा हाम्रो अगाडि केही मूलभूत प्रश्नहरू समाधान हुन बाँकी नै रहेको कारणबाट पनि करको दरमा ठूलो परिवर्तन गर्दा असन्तुलन बढ्ने सम्भावना भएकोले श्री ५ को सरकारले यो नीति अपनाएको हो । अतः थप राजस्व परिचालन गर्नको लागि श्री ५ को सरकारले स्थापना भैसकेका केही सेवाहरूको आम्दानीको केही प्रतिशत राजस्वको रूपमा परिचालन गर्न र अन्य न्यूनतम मात्रामा केही विषयहरूको कर दरमा थप गरिने नीति अपनाएको छ ।

अध्यक्ष महोदय, अब २०२८।२९ को बजेटमा विभिन्न विकास क्षेत्रहरूमा अपनाइने नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण दिन चाहन्छु ।

## कृषि र सिंचाइ

देशको आजको परिस्थितिमा कृषि नै आर्थिक विकासको मुख्य स्रोत भएकोले उत्पा-दनमा वृद्धि गर्नको लागि कृषि अनुसन्धान कार्य तथा कृषि प्रसार सेवालाई सुदृढीकरण तथा विस्तार गर्ने नीति अपनाइएको छ । यसको साथै कृषि विकासको लागि चाहिने कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखन सुविधा सरल र सुलभ तुल्याउनेतर्फ बढी जोड दिइएको छ । खाद्यान्न तथा नगदेबालीको अनुसन्धानको लागि चाहिने सुविधाहरू अनुसन्धान केन्द्रहरूमा सृजना गरी अनुसन्धान कार्यलाई बढी प्रभावकारी रूपमा संचालन गर्ने कार्यक्रम राखिएको छ । नयाँ कृषि पद्धतिबाट वृद्धि हुने उत्पादनको उचित मूल्य कृषकहरूले पाउन् भन्ने उद्देश्यले धनसारको व्यवस्था गर्ने कार्यक्रमको शुरूआत गरिएको छ । विशेषतः कृषि उत्पादनको वृद्धि गर्न सिंचाइको ठूलो महत्व भएकोले निर्माण हुन लागिरहेका नहरहरू योजनाको लक्ष्य अनुरूप पूरा गर्नेतर्फ जोड दिनको साथै बाह्रै महीना सिंचाइको सुविधा उपलब्ध गराउन सकिने आयोजनाहरूको सर्भेक्षण कार्यलाई बढी ध्यान दिइएको छ ।

## उद्योग र खानी

विगत वर्षहरूको अनुभवबाट स्वदेशी बजार तथा कच्चा पदार्थमा आधारित उद्योग हरूको स्थापनाबाट नै देशको दीर्घकालीन उद्देश्य पूर्ति हुन सक्दछ भन्ने कुरा सिद्ध भएको छ । तसर्थ देशभित्र ठूलो मात्रामा खपत हुने उपभोग्य वा निर्माण सम्बन्धी वस्तुहरू उत्पादन गर्ने उद्योग-हरू यथासम्भव चाँडो स्थापना गर्नको लागि ऋण तथा अन्य सुविधा दिन नेपाल औद्योगिक विकास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निगमलाई थप वित्तीय साधन उपलब्ध गराइएको छ । यस बाहेक विभिन्न देशहरूमा नेपालबाट हुने निर्यातको वृद्धि गर्न निर्यातमूलक वस्तुहरूको उत्पादनको वृद्धि गर्न सनपाट मीलहरूको आधुनीकरण तर्फ पनि थप लगानी गरिनेछ । यसको साथै हाल निर्माण हुन लागिरहेको सिमेन्ट कारखाना पूरा गर्न प्राथमिकता दिइएको छ । यसको साथै देशभित्रै सुती कपडाको उत्पादन बढाउने उद्देश्यले यस वर्ष कपास खेतीको अनुसन्धान कार्यको शुरूआत गरिएको छ । मुख्यतः स्वस्थ औद्योगिक विकासको लागि स्वदेशी कच्चा पदार्थको उपयोग बढी मात्रामा गर्न आवश्यक भएकोले राष्ट्रिय वन साधनमा आधारित उद्योगहरू खासगरी कागज उद्योगको स्थापना गर्ने कारवाहीको शुरूआत गरिनेछ । यसको अतिरिक्त देशको औद्योगिक विकास खनीज साधनको समुचित विकासमा भरपर्ने हुनाले खनीज पदार्थको खोजी गर्ने कार्यमा विशेष जोड दिइने भएको छ । यसरी आयातलाई घटाई आत्म-निर्भर बनाउन सहायक सिद्ध हुने वा आफ्नै देशको कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योग-हरूलाई प्राथमिकता दिने श्री ५ को सरकारको नीति अनुसार यस किसिमका उद्योगहरूको स्थापनाको लागि गैर सरकारी क्षेत्रबाट पनि सहयोग प्राप्त गर्न श्री ५ को सरकारले हर प्रकारको सुविधा तथा सहलियत दिने नीति अपनाएको छ । साथै औद्योगीकरणको गतिलाई तीव्र गर्न सर-कारी क्षेत्रमा पनि आवश्यक देखिएमा नयाँ उद्योगहरू स्थापना गरिनेछ ।

## व्यापार

देशको वैदेशिक व्यापारमा वृद्धि गर्दै लैजानु तथा व्यापारलाई देश तथा वस्तुगत विविधिकरण गर्दै लैजाने श्री ५ को सरकारको नीति छ । यता केही समयदेखि वैदेशिक व्यापारमा कठिनाईहरू देखा परेका छन् तापनि हामी आफ्नो निर्धारित लक्ष्यबाट विचलित हुने छैनौं । निर्यात-कर्ताहरूलाई चाहिंदो सेवा तथा जानकारीहरू उपलब्ध गराई दिन व्यापार प्रबर्द्धन केन्द्र स्थापना गरिएको छ, यसकोसाथै निकासीका वस्तुहरूको उत्पादन वृद्धि गर्न तथा गुणको अभिवृद्धि गर्न विस्तृत अध्ययन तथा सर्भेक्षण कार्य संचालन गरिंदैछ । व्यापार देशको बढ्दो विकासको आवश्यकता संग मेलखाने प्रकारको हुनुपर्दछ, वैदेशिक व्यापार विविधीकरण गर्नको लागि प्रोत्साहन गर्ने उद्देश्यले लागू गरिएको बोनस प्रथाबाट पनि आफ्नो राष्ट्रिय आर्थिक व्यवस्थालाई टेवा दिने गराउन भविश्यमा यसबाट आर्जित साधनबाट विलाशका वस्तुहरूको आयात गर्न निरूत्साह गर्ने र विकासका सामग्रीहरू आयात गर्न प्रोत्साहन दिने नीति अपनाइनेछ ।

## पर्यटन

हाम्रोजस्तो प्राचीन कला र विभिन्न प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको देशमा पर्यटन उद्योगको विकासको महत्व सर्वविदितै छ । यस क्षेत्रको विकासबाट शहरी क्षेत्रको बेरोज-गारीको समस्या धेरै मात्रामा समाधान हुनुको साथै हाम्रा अन्य विभिन्न आर्थिक क्षेत्रहरुमा उत्पादन वृद्धि गर्न पनि मद्दत पुग्दछ । यस तथ्यलाई ध्यानमा राखी पर्यटन विकासको लागि पर्यटक आकर्षक स्थलहरू निर्माण र विकास गर्ने तथा देशमा पर्यटकहरूको निमित्त सुविधाहरू सृजना गर्ने कार्यमा थप लगानी गर्ने नीति अपनाइएको छ । यस बाहेक गैर सरकारी क्षेत्रलाई पर्यटन उद्योगमा लगानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न प्रोत्साहित गर्नको निमित्त आवश्यक साधनहरू उपलब्ध गराउनेतर्फ ध्यान दिइएको छ । तदनुसार आगामी वर्षहरूमा हाम्रो प्राचीन कलालाई संरक्षण गर्ने कार्यक्रमको साथसाथै शहर-लाई बढी आकर्षित तुल्याउन शहर सफा र सुग्घर राख्ने व्यवस्था गरिने भएको छ । यस बाहेक पर्यटन विकासको गुरू योजना तैयार गर्ने कार्य पूरा गर्नुको साथै सो योजनालाई कार्यान्वयन गरिनेछ । मलाई विश्वास छ पर्यटन व्यवसाय हाम्रो देशको अर्थ व्यवस्थाको एक आधारभूत अंगको रूपमा विकास हुनेछ र यस क्षेत्रमा भएको लगानी र प्रयासको अनुपातमा हाम्रो आय धेरै गुणाले बृद्धि हुनेछ ।

## यातायात र संचार

यातायात र संचारको क्रमशः विस्तार गर्दै लैजाने नीति अनुसार आज देशको विभिन्न भागहरूमा ठूलाठूला आयोजनाहरू संचालन गरिंदैछन् । चालू राजमार्गहरूमा निर्माण कार्य जारी नै राखिने छ र महेन्द्र राजमार्गको पश्चिमी हिस्सामा पनि निर्माण कार्य शुरू गरिनेछ । महेन्द्र राज मार्गको पूर्वी हिस्सा अब निकट भविष्यमा नै निर्माण काम सकिने भएकोले यसको प्रभावकारी रूपमा सदुपयोग गर्न पूरक सडकहरूको (उत्तर, दक्षिण) निर्माण कार्य शुरू गर्ने व्यवस्था मिलाइए-को छ । यसको लागि विभिन्न भागमा सर्भेक्षण तथा सम्भाव्यता अध्ययन कार्य प्रायः समाप्त भएको छ । हवाई विकासको लागि देशको मुख्य मुख्य विमानस्थलहरूको विस्तार गर्ने कार्य जारी गरिनेछ । संचारको क्षेत्रमा चालू आयोजना पूरा गर्नेतर्फ काम भइरहेको छ । नयाँ कार्यक्रम संचालन गर्नुको साथै पूरा भएको सडक, भवन आदिको सम्भार कार्यमा विशेष जोड दिने नीति अपनाइएको छ जसको लागि पहिलेको बजेटहरूको दाँजोमा धेरै नै साधन जुटाइएको छ ।

## विद्युत्

विद्युत्को क्षेत्रमा चालू आयोजनाहरूलाई छिटो पूरा गरी क्षमतामा वृद्धि गर्न साथै पूर्वाञ्चल र मध्यमाञ्चलमा कृषि र उद्योगको लागि बढी विद्युत् शक्तिको आवश्यकता भएकोले त्यस क्षेत्रको विद्युतीकरणमा बढी ध्यान दिइनेछ । पश्चिमाञ्चलको मुख्य मुख्य क्षेत्रहरूमा पनि विद्युतीकरण गर्ने व्यवस्था गरिएको छ ।

## वन

देशमा वन सम्पदाको ठूलो महत्व हुँदा हुँदै पनि वन पैदावारको राम्रो उपयोग हुन नसकेकोले देशको वन सम्पदाको अनुपातमा यसबाट आउनुपर्ने राजस्व आर्जन भएको छैन । यसको विपरीत एकातिर वन विकास कार्यमा हामी हाम्रो लगानी वृद्धि गरिरहेका छौं त अर्कोतिर वन जङ्गल मासिंदै गएको छ । तसर्थ यसको सुरक्षा तथा सम्बर्द्धनको लागि शताब्दीयौंदेखि पुरानो वन जङ्गल लीलाम गर्ने प्रथा समाप्त गरी प्रशोधित रूपमा मात्र बिक्री गर्ने नीति कायम गरिनेछ । मुख्यतः हाम्रो वन जङ्गलको उचित संरक्षण तथा सम्बर्द्धन गर्न वन कटानी कार्यक्रम पुनर्वास कार्यक्रमसंग समन्वय गरी संचालन गर्नुको साथै वन पैदावारको यथासम्भव सदुपयोग गर्ने नीति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपनाइएको छ । यस बाहेक वन विकास योजना कार्यान्वयन गर्नको लागि हरेक जिल्लामा गर्नुपर्ने कार्यहरू निर्धारण गर्नको साथै हरेक कार्यमा लाग्ने खर्चको स्तर निर्धारण गरिएको छ ।

## शिक्षा

जुनसुकै देशको शिक्षाको उद्देश्य पनि त्यस देशको आर्थिक, राजनैतिक र सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने हुनु पर्दछ भन्ने कुरामा दुई मत हुन सक्दैन । हालसम्म चलिरहेको शिक्षा पद्धतिलाई नयां मोड दिएर देशको आवश्यकतासंग मेल खाने गराउन ठोस कदम चाल्नु पर्ने आवश्यकता भइसकेको थियो । यस प्रकार हाले लागू गरिएको नयाँ शिक्षा पद्धतिको कार्यान्वयन-बाट विभिन्न तहको शिक्षाको उद्देश्यलाई स्पष्ट गरी शिक्षा विकास कार्यक्रमलाई देशको जन-शक्तिको आवश्यकतासंग आवद्ध गरिएको छ । यस व्यवस्थाबाट विद्यार्थीहरूको शिक्षा उपार्जन गर्ने आकांक्षा पूरा गर्नुको साथै देशको आर्थिक विकासमा ठूलो मद्दत हुनेछ । मुख्यत: जुनसुकै शिक्षा योजनाको सफलता त्यस योजनाको कार्यान्वयनबाट देशको आर्थिक विकासमा के कति योगदान हुन सक्तछ त्यसमा आधारित हुने हुँदा शिक्षालाई व्यावसायिक तथा प्राविधिकीकरण गरी जीवन उपयोगी बनाउने प्रयास गरिएको छ । यस्तो किसिमको शिक्षा पद्धतिबाट हाम्रो विद्यार्थीहरूमा हाम्रो समस्या, विभिन्न रीतिरिवाज, भौगोलिक स्थिति आदिको वास्तविक ज्ञान भई देश विकास कार्यमा अग्रसर हुने तथा देश सेवाप्रति बढी सजग र सक्षम हुनेछन् भन्ने कुरा म यस सदनलाई विश्वास दिलाउन चाहन्छु ।

## स्वास्थ्य

स्वास्थ्यतर्फ चालू वर्षमा झैं चिकित्सा सेवातर्फ भन्दा प्रतिकारात्मक स्वास्थ्य सेवामा बढी प्राथमिकता दिइएको छ । औलो उन्मूलन कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण क्षेत्रहरूमा सो कार्य विस्तार गर्नुको सट्टा औलोको सम्भावना बढी भएको क्षेत्रहरूमा यस कार्यक्रमलाई केन्द्रित गर्नेतर्फ ध्यान गएको छ । यसबाट खर्चमा निकै किफायत हुनुको साथै कार्यक्रम प्रभावकारी हुनेछ । यस बाहेक औलो उन्मूलन, बिफर उन्मूलन र परिवार नियोजन तथा मातृशिशु कल्याणको कार्यक्रमहरूको बीच समन्वय राखी समन्वयात्मक रूपले कार्य सञ्चालन गर्नेतर्फ पनि विचार हुँदैछ ।

## प्रादेशिक विकास

देशको विभिन्न क्षेत्रको विकासमा जो असमानता रहेको छ त्यसलाई कम गर्दै लैजानु पर्ने कुरामा दुई मत हुन सक्दैन । यसको लागि प्रत्येक क्षेत्रमा उपलब्ध साधन र जनशक्तिको प्रयोग गरी विकास कार्यहरूबाट प्राप्त हुने फल यथासम्भव बढी इलाकामा पुर्याई सामाजिक न्याय प्राप्त गर्न तथा देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराउन स्थानीय विकासकार्यमा जनतालाई सक्रिय तथा क्रियाशील तुल्याउने नीति अपनाइएको छ । पञ्चायती व्यवस्थाले हरेक गाउँमा एक सक्रिय स्थानीय प्रशासनको इकाई विकास गराई सकेको छ । हरेक गाउँ पञ्चायतमा गाउँको विकासको लागि केही न केही कार्यहरू भइरहेको छ र यस कार्यमा असंख्य जन समूहले भाग लिइरहेका छन् । यसलाई सही बाटोमा लैजान र जनश्रमको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदुपयोग गर्नको लागि प्राविधिक सल्लाह र मालसामानको कमी देखिएको छ । तसर्थ श्री ५ को सरकारले स्थानीय विकासको आयोजनाको कार्यान्वयनको लागि स्थानीय जनताको क्षमतानुसार आयोजना बनाई आर्थिक सहयोग गर्ने व्यवस्था गरेको छ । हाम्रा गाउँहरूको विकासको लागि गर्नु पर्ने कुराहरू धेरै छन् र शुरूमा हामीहरू सम्पूर्ण गाउँमा स्थानीय विकासका कार्यक्रम सञ्चालन गर्न समर्थ हुने छैनौं तर यस कार्यक्रम अन्तर्गत तीन वर्षभित्र प्रत्येक गाउँ पञ्चायतमा कम से कम एउटा आयोजना सञ्चालन गर्ने लक्ष्य राखिएको छ । यसरी श्री ५ को सरकार र स्थानीय जनता-को संयुक्त प्रयासबाट शुरू गरिने स्थानीय विकासको कार्य भविष्यमा ग्रामीण क्षेत्रको विकासको आन्दोलनको रूप लिनेछ भन्ने मलाई लागेको छ । यसको लागि आवश्यक संगठनको व्यवस्था गरिनेछ र यसको ईमानदारीपूर्वक कार्यान्वयनमा बढी जोड दिइनेछ ।

मूल्य

मूल्यस्तरमा वृद्धि हुने प्रवृत्तिको मैले माथि संकेत गरें । मूल्य वृद्धिको मुख्य कारण हाम्रो क्रयशक्तिको अनुपातमा खाद्यान्न तथा अन्य सामग्रीहरूको उपलब्धि कम वा समयमा नहुनु हो । मूल्यको वृद्धि हुने यो प्रवृत्ति चिन्ताजनक विषय हो र यसलाई अनावश्यक तरिकाबाट बढ्न नदिन श्री ५ को सरकारले उचित कदमहरू चाल्नेछ । देशका विभिन्न ठाउँहरूमा खाद्यान्नको अभाव पूर्ति गर्न खाद्यव्यवस्था संस्थानले खरीद तथा बिक्री वितरण गर्ने व्यवस्था गरि-आएको छ र यो कार्यलाई देशका अत्यधिक भागमा फैलाउने गरी यसको कार्यक्षेत्रको विस्तार गरिनेछ । वैदेशिक सहायताको सन्दर्भमा आयात हुने केही मालसामानहरू बाहेक साधारणतया सबै दैनिक आवश्यकताका उपभोग्य वस्तुहरू आयात तथा बिक्री वितरण निजी क्षेत्रबाट हुने परिपाटी छ । यो व्यवस्थामा आमूल परिवर्तन गर्ने श्री ५ को सरकारको नीति छैन तापनि समय समयमा केही व्यक्तिहरूले कृत्रिम अभावको परिस्थिति उत्पन्न गराएर मूल्य वृद्धि गर्ने जुन प्रवृत्ति देखापरेको छ त्यसबाट साधारण उपभोक्तालाई बचाउनको लागि श्री ५ को सरकारले उचित प्रशासकीय कदमहरूको साथै आवश्यक वस्तुहरू सरकारी स्तरमा आयात गर्ने व्यवस्था गर्नबाट पछि हट्ने छैन । यस प्रकारको परिस्थिति उत्पन्न हुन नदिन सबै उद्योगपति तथा व्यापारी वर्गलाई म अनुरोध गर्दछु । तर विगत वर्षहरूको अनुभवबाट श्री ५ को सरकारले व्यापारमा अरू बढी नियन्त्रण तथा व्यवस्थित गराउन सक्रिय हुनु पर्ने कुरा निर्विवाद देखिन्छ र श्री ५ को सरकारले यसै बमोजिम कारवाही गर्नेछ ।

अध्यक्ष महोदय, मैले आगामी वर्षको लागि श्री ५ को सरकारले अपनाउने आर्थिक नीतिहरू तथा आर्थिक उद्देश्य पूर्ति गर्ने तर्जुमा गरिएका विभिन्न कार्यक्रमहरूको विवरण पेश गरें । बजेटमा खर्चको स्तरमा धेरै नै अभिवृद्धि गरिएको छ तर यसबाट हाम्रो वित्तीय अवस्था समस्या-रहित छ भन्ने धारणा लिन सकिने अवस्था छैन । आज देखिएको आर्थिक कठिनाइको समाधान लगानीलाई संकुचित पारेर हैन बरू लगानी बढाएर मात्र हुन सक्छ भन्ने मेरो विश्वास छ । तर बढ्दो लगानीको साथै साधनको सदुपयोग गर्नाको लागि प्रत्येक तहमा आर्थिक अनुशासन कायम गर्न नितान्त आवश्यक छ । यस उद्देश्यले आर्थिक अनुशासन श्री ५ को सरकारको नीतिको मूलभूत अङ्ग हुनेछ । जस अनुसार कम आवश्यक कुराहरूमा मितव्ययिता अपनाइने र विकास कार्यमा खास गरेर उत्पादन बढाउने आयोजनामा लगानी अनुशासित रूपले बढाउने नीति कायम गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५५८

२

अध्यक्ष महोदय, अब म संक्षिप्त रूपमा गत वर्षको यथार्थ खर्च र चालू वर्षको संशोधित अनुमानको विवरण दिन्छु। आर्थिक वर्ष २०२६।२७ मा साधारणतर्फ र विकासतर्फ गरी क्रमशः रू. २२ करोड ४६ लाख र ४९ करोड ४५ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रू. २१ करोड ९१ लाख र ४६ करोड ४७ लाख हुन आएको छ। यसरी संशोधित अनुमान अनुसार साधारण र विकास गरी कूल खर्च रू. ७१ करोड ९१ लाख हुने संशोधित अनुमान भएकोमा अब यथार्थ कूल खर्च रू. ६८ करोड ३८ लाख हुन आएको छ। राजस्वतर्फ रू. ४३ करोड ५९ लाखको संशोधित अनुमान भएकोमा यथार्थ संकलन रू. ४६ करोड ४० लाख भई रु. २ करोड ८१ लाखले वृद्धि भएको छ। विदेशी सहायतातर्फ संशोधित अनुमान रू. २६ करोड ८४ लाख गरिएकोमा यथार्थ रकम रू. २४ करोड ३७ लाख प्राप्त भएको छ। यसरी खर्चतर्फ संशोधित अनुमान गरिएको भन्दा कम खर्च भई राजस्वतर्फको संकलनमा वृद्धि भएबाट नगद मौज्दात वृद्धि हुन आएको छ। आन्तरिक तथा विदेशी ऋण रू. २ करोड ५१ लाख प्राप्त हुने संशोधित अनुमानमा यथार्थमा रू. २ करोड ७६ लाख प्राप्त भएकोले मौज्दातमा वृद्धि रू. १ करोड ४ लाख हुने संशोधित अनुमान गरिएकोमा यथार्थ वृद्धि रू. ५ करोड १५ लाख हुन गएको छ।

आर्थिक वर्ष २०२७।२८ मा साधारणतर्फ रू. ३४ करोड र विकासतर्फ रू. ६३ करोड ३० लाख खर्च हुने अनुमान भएकोमा अब रू. ३३ करोड २ लाख र रू. ४८ करोड ९१ लाख खर्च हुने संशोधित अनुमान छ। यसरी कूल खर्च रू. ९७ करोड ३० लाखको अनुमानमा अब संशोधित अनुमान अनुसार रू. ८१ करोड ९३ लाख खर्च हुने भएको छ। राजस्व रू. ४९ करोड ४९ लाख हुने अनुमान भएकोमा रू. ४५ करोड १७ लाख मात्र हुने संशोधित अनुमान छ। राजस्व संकलन अनुमानभन्दा रू. ४ करोड ३२ लाखले कम हुने संशोधित अनुमान छ। व्यापारतर्फ बीचमा अवरोध आएको र केही समयपछि भारत सरकारले केही सामानहरूको निकासीमा प्रतिबन्ध हटाए तापनि बीचमा आएको गतिरोधको कारण पैठारी तर्फको महसूलमा घट्न गएको छ। साथै वन तर्फको लकडी बिक्रीमा पनि राजस्व घटन गएको छ। विदेशी सहायतातर्फ रू. ३३ करोड २८ लाख प्राप्त हुने अनुमान भएकोमा अब रू. २७ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान छ। यसरी आय-व्ययको हिसाबबाट जम्मा रू. १४ करोड ५३ लाख न्यून हुने मध्ये रू. ६ करोड ९६ लाख विदेशी ऋण र रू. ३ करोड आन्तरिक ऋणबाट पूर्ति गरी खूद न्यून रू. ४ करोड ५७ लाख हुने अनुमान गरेकोमा संशोधित अनुमान अनुसार देखिएको न्यून रू. ९ करोड ६८ लाखमा विदेशी ऋण रू. ४ करोड २२ लाख र आन्तरिक ऋण रू. ३ करोड प्राप्त हुन आई पूर्ति गर्दा खूद न्यून रू. २ करोड ४६ लाख मात्र हुने संशोधित अनुमान भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११५

# ३

अध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्षको आय-व्यय अनुमान प्रस्तुत गर्दछु । आर्थिक वर्ष २०२७।२८ को संशोधित अनुमानको तुलनामा वर्तमान स्रोतबाट राजस्वमा रू. ९ करोड ८४ लाख ५६ हजार अर्थात् २२ प्रतिशतले वृद्धि भई जम्मा रू. ५५ करोड १ लाख ५० हजार हुने अनुमान गरिएको छ । साधारण खर्चतर्फ संशोधित अनुमानको तुलनामा रू. ३ करोड ७४ लाख ९८ हजार अर्थात् ११ प्रतिशतले वृद्धि भई जम्मा रू. ३६ करोड ७६ लाख ५९ हजार हुने अनुमान गरिएको छ । साधारण बजेटतर्फ वृद्धि हुनाको मुख्य मुख्य कारणहरू विकास बजेट तर्फ पूरा भएका आयोजनाहरूको संभारको खर्च थपिन जानको अतिरिक्त केही नयाँ स्थापना हुने कार्यालय वा कार्यक्रमहरूको चालू खर्च साधारण बजेटमा समावेश गरिने भएकोले हो । साथै जिल्ला प्रमुख अधिकारीको कार्यालयहरू नयाँ खडा भएको हुँदा यसको सम्पूर्ण प्रशासकीय खर्चहरू समावेश गरिएको छ । यसको वावजूद साधारण बजेटमा ११ प्रतिशतले मात्र वृद्धि हुनुबाट साधारण तर्फ खर्च घटाई विकासमा सकेसम्म बढी योगदान गर्ने प्रयास प्रतिविम्बित हुन्छ । साधारण बजेटको कूल खर्चमध्ये संबैधानिक अङ्गहरूमा रू. २ करोड ७ लाख, साधारण प्रशासनमा रू. ६ करोड ६७ लाख, राजस्व प्रशासनमा रू. १ करोड ५४ लाख,आर्थिक प्रशासन र योजनामा रू. ४९ लाख, न्याय प्रशासनमा रू. ६४ लाख, बैदेशिक सेवामा रू. १ करोड ७८ लाख,रक्षामा रू. ६ करोड ३२ लाख,सामाजिक सेवाहरूमा ७ करोड ६९ लाख, आर्थिक सेवाहरूमा रू. ४ करोड ९१ लाख, ऋण लगानी साँवा र ब्याज भुक्तानीमा रू. २ करोड ६ लाख र विविधमा रू. २ करोड ८४ लाख व्यवस्था भएको छ । सामाजिक सेवाको रू. ७ करोड ६९ लाख मध्ये शिक्षामा रू. ३ करोड ७६ लाख, स्वास्थ्यमा रू. १ करोड ७४ लाख, पञ्चायतमा रू. १ करोड १४ लाख र पिउने पानी तथा अन्य सामाजिक सेवाहरूमा रू. १ करोड पाँच लाख छुट्याइएको छ । आर्थिक सेवाहरूको रू. ४ करोड ९१ लाखमध्ये कृषि र सिंचाईमा ९६ लाख, यातायात संचार विद्युतमा रू. २ करोड ६७ लाख, भूमिसुधार, वन र कित्तानापीमा रू. १ करोड ३ लाख, र उद्योग खानी तथा अन्य आर्थिक सेवाहरूमा रू. २५ लाख छुट्याइएको छ ।

आर्थिक वर्ष २०२८।२९ को निमित्त विकास खर्च कूल रू. ७६ करोड ९८ लाख छुट्याइएको मध्ये आर्थिक सेवामा रू. ६२ करोड ९३ लाख अर्थात ८२ प्रतिशत, सामाजिक सेवामा रू. १० करोड ५९ लाख अर्थात १४ प्रतिशत र आर्थिक प्रशासन तथा योजना र विविधमा रू. ३ करोड ४६ लाख अर्थात ४ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

आधिकारिकता विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सेवातर्फ शिक्षामा रू. ४ करोड, स्वास्थ्यमा रू. ३ करोड ४८ लाख, पञ्चायत तथा ग्रामीण विकासमा रू. १ करोड ८१ लाख र पिउने पानी तथा अन्य सामाजिक सेवामा रू. १ करोड ३१ लाख छुट्याइएको छ ।

आर्थिक सेवातर्फ यातायात संचार र विद्युतको निमित्त जम्मा रू. ३९ करोड ८९ लाख अर्थात कूल बजेटको ५२ प्रतिशत राखिएको छ । कृषि र सिंचाईमा रू. १० करोड ८६ लाख, भूमिसुधार, कित्तानापी र वनमा रू. २ करोड ९८ लाख, उद्योग तथा खानीमा रू. ८ करोड ३९ लाख र अन्य आर्थिक सेवामा रू. ८२ लाख छुट्याइएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ४

अध्यक्ष महोदय,

मैले भर्खरै चालू वर्षको आर्थिक स्थितिको विश्लेषण गर्दा व्यापारको क्षेत्रमा उत्पन्न अनिश्चित वातावरणको कारणबाट राजस्वमा प्रतिकूल असर पर्न गएको कुराको संकेत गरेको थिएँ । यस आर्थिक वर्षमा भन्सारबाट उठ्ती हुने राजस्वको रकममा शुरूको अनुमानभन्दा करीब ५ करोड ८७ लाख कम हुन गएको छ तर भन्सारको स्रोतबाट हुन गएको न्यूनलाई राजस्वको अन्य स्रोतहरूबाट अनुमानभन्दा बढी उठ्ती हुनाको कारणले घाटा शुरूको अनुमानभन्दा रू. ४ करोड ३२ लाखले मात्र कमहुने संशोधित अनुमान गरिएको छ । अन्तःशुल्क तथा राजस्वका स्रोतहरूबाट अपेक्षाकृत बढी राजस्व उठ्नु उत्साहवर्द्धक लक्षण हो जुन कुरा यी क्षेत्रहरूको प्रशासनयन्त्रको बढ्दो सक्षमता तथा राजस्व संकलनमा प्रभावकारिता आएको स्पष्ट हुन्छ । यसको साथै सरकारी स्तरमा संचालित उद्योगहरू प्रायः सबै आफ्नो पूर्णक्षमता अनुसार चलनसकेको कुरा पनि धेरै नै उत्साहवर्द्धक छ जुन कुरा राजस्व बढ्दै गैरहेकोबाट पनि स्पष्ट हुन्छ । यस प्रकार आर्थिक क्षेत्रमा देखापरेको असन्तुलनको बावँजूद पनि सरकारी वित्तीय स्थिति– खास गरेर राजस्व संकलन– सन्तोषप्रद रहन गएको कुरा उल्लेखनीय छ ।

आगामी आर्थिक वर्षको लागि बजेटमा लगानी धेरै नै बढाइएको कुरा मैले माथि पेश गरिसकेको छु । यसप्रकारको लगानीमा वृद्धि आन्तरिक साधनको बढ्दो मात्रामा परिचालन नगरी गर्न संभव छैन तापनि यो वर्ष कर व्यवस्थामा ठूलो हेरफेर नगर्नु नै मैले सामयिक देखेको छु । तसर्थ बढ्दो खर्चको आवश्यकता पूर्ति गर्न साधारणतया केही वस्तुहरूको करको दर हेरफेर भए तापनि यो भार गत वर्षहरूको दाँजोमा धेरै हल्का छ । यसो गर्नाको मुख्य उद्देश्य अर्थव्यवस्थामा अहिले देखा परेका समस्याबाट सन्तुलित अवस्थामा नपुगुन्जेलसम्म कर व्यवस्थामा वा यसको दरमा आमूल परिवर्तन गर्न म वाञ्छनीय देख्दिन । साथै मैले माथि पनि संकेत गरिसकेको छु कि विगत वर्षहरूको अनुभवबाट हाम्रो अगाडि थप साधन जुटाउनुभन्दा उपलब्ध साधनको प्रभावकारी ढंगबाट सदुपयोग गर्न नसक्नु नै समस्याको रूपमा खडा छ । आगामी वर्षको राजस्वको अनुमान पेश गर्दा आर्थिक कारोवारको प्रसंगमा सामान्यतः वृद्धि हुने राजस्व बाहेक राजस्व प्रशासन यन्त्रलाई सरल र सक्षम तुल्याई यसबाट बढी प्रभावकारी ढङ्गबाट राजस्व संकलन गर्ने र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चुहावट रोक्ने लक्ष्य राखिएको छ । भन्सारको दरमा केही वस्तुहरूमा भारतमा लागेको र हामी-लाई फिर्ता हुने अन्तःशुल्क सरह अन्य मुलुकबाट पैठारी हुने मालसामानमा लाग्ने भन्सार महसूलमा एक रूपता कायम गर्न केही हेरफेर गरिएको छ । औद्योगिक संरक्षणको लागि देशमै उत्पादन हुने कुनै कुनै वस्तुहरूको संरक्षणका लागि पैठारी महसूलमा वृद्धि गरिएको छ । यसको साथै श्री ५ को सरकारको ठूलो लगानी भएको केही संस्थाको हुने आम्दानीको केही हिस्सा रोयल्टीको रूपमा श्री ५ को सरकारले लिने व्यवस्था गरेको छ ।

प्रचलित करको दरमा आगामी आर्थिक वर्षमा विभिन्न स्रोतहरूबाट रू. ५५ करोड १ लाख ५० हजार संकलन हुने अनुमान लगाएको छु । मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरू-बाट रू. ३५ करोड २३ लाख १८ हजार सहायता प्राप्त हुने अनुमान छ । जसको लागि म नेपालको विकासमा अभिरूची राखी सहयोग गर्ने विभिन्न मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । जम्मा जम्मी खर्चको रकम रू. १ अरब १३ करोड ७४ लाख ३२ हजारमा रू. २३ करोड ४९ लाख ६४ हजारको न्यून हुने अनुमान छ । आगामी वर्षको लागि अनुमान गरिएको राजस्व यो वर्षको संशोधित अनुमानको दाँजोमा महत्वाकाँक्षी भन्न सकिन्छ तापनि आर्थिक गतिविधि चालू वर्षको धेरै समयसम्म असन्तुलित रहेको कारणबाट राजस्व उठ्ती कम हुन गएको र त्यो परिस्थिति समाप्त हुनासाथ आर्थिक कारोवार गतिशील हुने कुरा स्पष्ट छ । यस संदर्भमा मित्रराष्ट्र भारतसंग व्यापार तथा पारवहन सन्धिहरू सम्पन्न गर्न श्री ५ को सरकार प्रयत्नशील रहेको कुरा पनि म सदनलाई बोध गराउन चाहन्छु । अहिले औपचारिक सन्धिको अभावमा पनि नेपालको अरू मुलुकहरूसंगको आर्थिक कारोवार क्रमशः सुध्रँदै गएको कुराबाट पनि आगामी वर्षको लागि आशावादी हुन सक्ने परिस्थिति छ ।

आगामी आर्थिक वर्ष २०२८।२९ मा आयकरको दर यथावत कायम गरिएको छ ।

बिक्रीकरमा दर्ता नभएकाहरूको मालसामानको सम्बन्धमा आयात भएकै अवस्थामा र अरू दर्तावाल बिक्रेतालाई बिक्री भएकै अवस्थामा बिक्रीकर लगाउने व्यवस्था कायम गरिएको छ । अब उप्रान्त इलेक्ट्रिक मोटर समेत सबै किसिमका मेशिनरीहरू र त्यसका पार्टपूर्जाहरू, सबै किसिमका सूती धागाहरू, फलामको बिलेट र आल्मोनियम इन्गटमा बिक्रीकर माफी गरिएको छ । बिक्रीकरको दर भने साबिक बमोजिम कायम राखिएको छ ।

आर्थिक वर्ष २०२८।२९ देखि रोप लाइनको चालू रहेको समयको हिसावबाट प्रति घण्टा रू. १५० का दरले कर लगाई असूल उपर गरिने व्यवस्था गरिने छ । यसबाट करीब रू. ५ लाखसम्म राजस्वमा वृद्धि हुने अनुमान छ ।

इन्स्योरेन्स पलिसी सम्बन्धी गैह्र कागजातमा प्रत्येक बीमा लेखमा रू. २।– र प्रत्येक इन्स्योरेन्स प्रिमियर रसीदमा –।२५ पैसाको आय टिकट वस्तूर कायम गरी अरू दर यथावत नै राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगामी आर्थिक वर्षको तोकिएको मितिदेखि मोटर, बस र ट्रक जस्ता सवारीका साधनमा प्रति किलोमिटर जनपथको स्थिति हेरी विभिन्न जनपथलाई व्यावहारिक खण्डमा विभाजन गरी प्रति किलोमिटर –।१३ पैसामा नबढ्ने गरी सवारी कर लगाइने र असूल उपर गरिने छ। र यो सवारी कर श्री ५ को सरकारले तोकेको मुख्य मुख्य राजपथहरूमा मात्र लगाइनेछ। यो व्यवस्थाबाट रू. ५० लाखको थप राजस्वको संकलन हुने अनुमान छ।

अरू करका दरहरू यथावत् कायम राखिएका छन्।

प्रति हजार रू. २०।– सम्म पर्ने चुरोटमा रू. १०।–, रू. ३०।– सम्म पर्नेमा रू. १३।– र रू. ३०।–भन्दा बढी पर्नेमा रू. १५।–अन्तःशुल्क लगाई असूल उपर गरिएकोमा अब उप्रान्त क्रमशः प्रति हजारमा रू. ११।–, रू. १४।२५, र रू. १७।– अन्तःशुल्क लगाई असूल उपर गरिनेछ। प्रति हजार बिडीको अन्तःशुल्क रू. १।२५ लिइआएकोमा अब ।५० पैसा थप गरी असूल उपर गरिनेछ। यसबाट रू. २७।– लाखको थप राजस्व संकलन हुने अनुमान छ।

अन्तःशुल्क बुझाउनेहरूको सुविधाको ख्याल राखी चामल तथा तेल उत्पादन गर्ने मीलहरूमा २६ अश्वशक्ति चालितसम्मका कारखानामा समानदर (फ्ल्याटरेट) कायम गरी आएकोमा थप स्पेलर तथा हलर सुगमतासाथ उपयोग गरी राजस्वमा चुहावट हुन गएबाट यो त्रुटिलाई हटाई स-साना मीलहरूको सुविधा र असूली प्रणालीमा कुनै जटिलता आउन नदिने उद्देश्य कायमनै राखी १८ अश्वशक्ति चालितसम्मका मील कारखानामा साबिक समानदर कायम गरी सोभन्दा माथिका मील कारखानामा उत्पादनकै आधारमा अन्तःशुल्क लगाई असूल उपर गरिने व्यवस्था अपनाइएको छ यसबाट रू. २ लाखसम्मको आयमा वृद्धि हुने सम्भावना छ।

चिनीको निर्यातमा साबिकमा ५० प्रतिशतमात्र अन्तःशुल्क छूट गरी व्यवस्थित भएकोमा अब उप्रान्त पूर्णरूपेण छूट गरिने व्यवस्था गरी हाम्रो उत्पादित मालसामान सजिलैसंग निकासी होस् र विदेशी बजारमा प्रतिस्पर्धामा आओस् भन्ने विचार गरिएको छ।

बियरको उत्पादन छिट्टै हुने भएकोले यसमा प्रति लिटर रू. ३।– लगाई असूल उपर गरिनेछ र यसबाट रू. २ लाखसम्मको थप राजस्वको अनुमान लगाइएको छ। अरू वस्तुहरूमा अन्तःशुल्कको साबिक बमोजिमको दर कायम गरिएको छ।

भन्सार दरबन्दी प्रायः यथावत कायम गरिएको छ। चुरोटको अन्तःशुल्कमा वृद्धि गरिएको अनुपातमा आयात हुने विदेशी चुरोटमा पनि भन्सार दर वृद्धि गरिएको छ। छालाको जुत्ताको उत्पादन देशभित्र नै हुन थालेकोले यसको पैठारी दरमा ७ प्रतिशतले वृद्धि गरिएको छ। यस बाहेक भारतबाट फिर्ता हुने थप बेशिक ड्यूटिको अनुपातमा अन्य मुलुकबाट आउने सामानमा पैठारी दर मिलान गरी अनुसूचीमा समावेश गरिएबमोजिम लागू गरिएको छ। अन्य सबै वस्तुहरूमा भन्सार दर यथावत् नै कायम गरिएको छ। यस प्रकारको हेरफेरबाट करीब रू. १६ लाखले राजस्व बढ्ने अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 928

मालपोतको दर यथावत कायम गरिएको छ र रजिष्ट्रेशन दस्तूर पनि साविक बमोजिम नै राखिएको छ ।

अध्यक्ष महोदय, माथि प्रस्तावित कर परिवर्तनबाट रू. १ करोड ५ लाख प्राप्त हुन आउने अनुमान छ । यस प्रकार प्रस्तावित खर्च चलाउन रू. २२ करोड ४४ लाख ६४ हजार नपुग हुन आउँछ । उक्त रकममध्ये अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट प्राप्त हुने ऋणबाट रू. ९ करोड ५२ लाख छ । बाँकी रकममध्ये आन्तरिक ऋणबाट रू. ९ करोड उठाउने प्रस्ताव गरेको छु यसपछि खास नपुग हुन आउने रकम रू. ३ करोड ९२ लाख ६४ हजार मौज्दातबाट व्यहोरिनु पर्ने हुन आउँछ ।

विगत वर्षहरूको दाँजोमा आन्तरिक ऋण उठाउन प्रस्तावित गरिएको रकम धेरै नै ठूलो छ । यसो गर्नाको मुख्य उद्देश्य सञ्चित विदेशी मुद्राको सदुपयोग गर्नेतर्फ ठोस कदम चाल्न वाञ्छनीय देखिएको कारणबाट पनि हो । हाम्रो जस्तो विकासोन्मुख देशले आफ्नो मुद्रा प्रदायको अनुपातमा आवश्यकभन्दा बढी रकम लगानी नगरी सञ्चय मात्र बढाउनु हाम्रो विकास नीतिसंग मेल खाँदैन । यस प्रकार आन्तरिक ऋण उठाउँदा यसबाट मुद्रा प्रदायमा प्रतिकूल असर नपर्ने गरी विदेशी मुद्रामै खर्च हुने आयोजनाहरू जस्तै शाही वायु सेवा निगमलाई आधुनिक हवाई जहाज किन्न र बजेटमा उल्लेखित औद्योगिकरणको लागि मेशिनरी तथा सामग्रीहरू खरीद गर्ने काममा लगाइनेछ । यस प्रकारको आयोजनाहरूमा छुट्याइएको रकम सबै विदेशी मुद्रामा नै खर्च हुने हुनाले यसबाट आन्तरिक आर्थिक स्थितिमा कुनै असर नपर्ने र सञ्चित पूंजी उत्पादनशील कार्यमा लगाइने भएको कुरा म सदनलाई बोध गराउन चाहन्छु । यी कामहरूमा लगाइएको रकम छुट्याइने हो भने आन्तरिक ऋणको स्तर चालू वर्षको स्तरमा नै रहनेछ ।

यस प्रकार बजेटमा निर्धारित लगानीको रकमहरू पुऱ्याउन विभिन्न स्रोतबाट परिचालन गर्ने प्रस्ताव मैले पेश गरें जुन हाम्रो वित्तीय तथा मौद्रिक स्थितिको आधारमा यथासम्भव सन्तुलनता कायम हुने गरी प्रस्तावित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ५

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२८।२९ को परिवर्त्य विदेशी विनिमयको आम्दानी खर्चको विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०२७।२८ मा आम्दानी र खर्च क्रमशः रू. २५ करोड २० लाख र रू. २८ करोड ४८ लाख हुने अनुमान भएकोमा आम्दानी तर्फ रू. ३४ लाखले घट्न गई रू. २४ करोड ८६ लाख र खर्चतर्फ रू. ९ करोड ४० लाखले घट्न गई रू. १९ करोड ८ लाख मात्र हुने संशोधित अनुमान छ । आम्दानीतर्फ झण्डै अनुमान गरिए अनुसारको आम्दानी भई खर्चतर्फ भने अनुमान गरिएभन्दा निकै घट्न गएकोले रू. ३ करोड २८ लाख न्यून हुने अनुमान भएकोमा रू. ५ करोड ७८ लाख बचत हुने संशोधित अनुमान छ । यसो हुनुमा मुख्यतः मालसामानको आयात कम भएर नै हो ।

आर्थिक वर्ष २०२८।२९ मा परिवर्त्य मुद्राको आम्दानीतर्फ रू. २३ करोड ५० लाख र खर्चतर्फ रू. २५ करोड ८ लाख हुने अनुमान छ । आम्दानीतर्फ विविध शीर्षकमा आर्थिक वर्ष २०२७।२८ को संशोधित अनुमानभन्दा रू. २ करोड ८९ लाखले घट्ने अनुमान भएकोले नै चालू वर्ष जम्मा रू. १ करोड ३६ लाख घटी आय हुने अनुमान गरिएको हो । यस बाहेक अन्य सबै शीर्षकहरूमा चालू वर्षको संशोधित अनुमानभन्दा बढी आय हुने अनुमान गरिएको छ । खर्चतर्फ सबभन्दा ठूलो वृद्धि मालसामानको आयातमा हुने अनुमान छ । चालू वर्षमा यस शीर्षक अन्तर्गत जम्मा रू. ७ करोड ९३ लाख खर्च हुने संशोधित अनुमान भएकोमा आगामी वर्ष रू. १२ करोड ९ लाखले वृद्धि भई रू. २० करोड २ लाख खर्च हुने अनुमान छ । यसरी खर्चतर्फ अपेक्षाकृत निकै वृद्धि हुनुमा शाही वायु सेवा निगमको लागि विमान खरीद गर्नु पर्ने आवश्यकता देखिएको र औद्योगिक विकासको लागि बढी मेशिनरी तथा मालताल आयात हुने अनुमान गरिएकोले हो । यस हिसाबले आर्थिक वर्ष २०२८।२९ मा रू. २ करोड ६० लाख घाटा हुने अनुमान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

अध्यक्ष महोदय, चालू वर्षको आर्थिक गतिविधिको लेखाजोखा, आगामी वर्ष अपनाइन आर्थिक नीति, आय-व्ययको विवरणहरू तथा आर्थिक दशकको पहिलो वर्षको कार्यक्रम मैले प्रस्तुत गरें । व्यवस्थाको सफलताको मापदण्ड देशवासीको रहन-सहनको स्तर नै हो । यसैलाई बुझेर पञ्चायत व्यवस्थाको दोस्रो दशकको शुरुआतमा आर्थिक विकासको क्रमको अभिवृद्धिलाई प्राथमिकता दिइएको छ । वार्षिक बजेटको महत्त्व तब नै हुन्छ जब यसका लक्ष्यहरू श्री ५ को सरकारका विभिन्न अङ्गहरूबाट कार्यान्वयन भई पूरा हुन्छ । म सदनलाई यो कुरामा विश्वास दिलाउन चाहन्छु कि बजेट कार्यान्वयनमा श्री ५ को सरकार सचेष्ट र जागरूक रहनेछ । विगत दशकमा खडा गरिएका आधारहरू तथा हाम्रो प्रशासकीय यन्त्रले प्राप्त गरेको अनुभव भविष्यको लक्ष्य प्राप्तिको लागि आधारभूत स्तम्भहरू हुन् जसमाथि आर्थिक दशकको उपलब्धि भर पर्दछ ।

माथि उल्लेखित उद्देश्यहरू पूर्ति गर्न प्रशासकीय यन्त्रलाई लगातार सक्षम गर्दै लैजान पर्ने कुरा निर्विवाद छ । हाम्रो प्रशासनको इतिहास त्यति लामो छैन तर सानै अवधिको भए तापनि यसले ठूलो अभिभारा बोक्न सक्षम भएको छ र योभन्दा पनि बढी कार्यक्षमता देखाउँदै जान सक्ने छ भन्ने कुरामा म विश्वस्त छु । यस क्रममा आगामी वर्ष पद वर्गीकरण आयोजनालाई लागू गरेर प्रत्येक प्रशासक तथा प्राविधिकको योग्यता र पदको आवश्यकताको वैज्ञानिक लेखाजोखा गरी जनशक्तिको अत्यधिक उपयोग गर्ने नीति अनुसार काम गरिने भएको छ । यसको साथै प्रशासकीय तालीमको कार्यक्रममा विशेष जोड दिइनेछ । योजना तथा बजेट कार्यान्वयनको क्रममा बढी समन्वय तथा सामञ्जस्यता कायम गरी गतिशील सुधार ल्याइनेछ ।

मैले माथि प्रतिपादन गरेका सिद्धान्त तथा कार्यक्रमहरू मध्ये कुनै कुनै हालसालै मात्र उत्पन्न आर्थिक स्थितिको सन्दर्भमा तर्जुमा गरिएको छ भने धेरै कुराहरू विगत वर्षहरूमा श्री ५ को सरकारले उठाएको प्रयास जारी राख्ने प्रकारका छन् । बजेटको कार्यान्वयन सिद्धान्तको प्रतिपादनमा मात्र भर पर्दैन न त वित्तीय साधन जुटाउँदैमा हाम्रा उद्देश्यहरू पूर्ति हुन्छन् । यसको लागि प्रत्येक आयोजनाको विस्तृत आवश्यकता बुझेर जनशक्ति तथा अरू साधनको अधिकतम उपयोग गर्न सक्ने परिपाटी कायम गर्नु पर्नेछ । यद्यपि यी कुराहरू सरल जस्तो देखिन्छन् र मैले भनेका धेरै जसो कुराहरु सदनको लागि कुनै नौलो कुरा पनि होइन । तर तथ्य यही हो कि समस्या पूर्ति योजनाको सही कार्यान्वयनमा निर्भर गर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासको क्रममा हामी अब यो अवस्थामा पुगिसकेका छौं कि देशको आवश्यकता बुझ्नको लागि नयाँ सिद्धान्तको खोजी गर्न पर्ने अवस्था छैन । हाम्रो आर्थिक विकास अपरिचित सिद्धान्त वा नयाँ कार्यक्रमहरूको खोजीमा होइन कि निर्धारित कार्यक्रमको र प्राथमिकताको क्रमबाट विचलित नभई त्यसको सही कार्यान्वयनमा भर पर्दछ । आर्थिक विकास छोटो अवधिमा र कम परिश्रमबाट हुने कुरा हैन । नत आर्थिक विकास केवल सरकारी आयोजनाहरूको परिपूर्ति मात्र हो । यसकारण प्रत्येक गाउँमा स्थानीय कार्यक्रमको शुरूआत गर्ने र राष्ट्रिय स्तरमा वृहद आयोजनाहरूको संचालनको माध्यमबाट प्रत्येक नेपालीले आफ्नो रोजगारीबाट रहन–सहनको स्तर अभिवृद्धि गर्ने मौका पाउन् भन्ने लक्ष आर्थिक दशकको शुरूदेखि नै कायम गरिएको छ । विकासको गति बढी से बढी जनशक्तिको परिचालन गरी प्रत्येक नेपालीमा निहित कार्य क्षमताको सदुपयोग गर्नमा भर पर्छ । यसकारण हाम्रो अविकसितपनको अवस्थाबाट अघि बढ्न यस बजेटले मजबूत आधार खडा गर्न पृष्ठभूमिको शुरूआत गर्नेछ ।

सरकारी संस्थाहरूबाट बढी लाभ उठाउनु तथा सेवागत गराउने प्रयास गर्नु बजेट कार्यान्वयनको दिशातर्फ एक आवश्यक कदम हो । निजी क्षेत्रको विकासको लागि सेवा तथा सहयोग पुऱ्याउने निगमहरूमा क्रमशः व्यवस्थापनमा सुधार भैरहेको कुरा मैले अघि पनि उल्लेख गरें र यो क्रमलाई विशेष ध्यान दिइनेछ । यस्ता संगठनहरूको सेवा तथा सहायताको निजी क्षेत्रले बढी फाइदा उठाउन सकोस् ताकि देश विकासको क्रममा बढी योगदान हुन सकोस् भन्ने श्री ५ को सरकारको धारणा यी संगठनहरूको सुधारमा प्रतिविम्बित हुनेछ ।

अन्त्यमा बजेटमा निर्धारित प्राथमिकताबाट विचलित नभई अनुशासित ढङ्गबाट यसको कार्यान्वयन गरेर श्री ५ महाराजाधिराज सरकारको सदिच्छाबमोजिम आर्थिक दशकको शुरूदेखि नै एक गतिशील व्यवस्थाको सृजना गर्ने कुरामा एक भई काम गर्नु हामी सबै पञ्चको कर्तव्य हो र यसमा कटिबद्धता देखाई योगदान गर्न म सबैलाई अनुरोध गर्दछु ।

धन्यवाद !

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च ब्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०२६–२७ को यथार्थ | खर्च | २०२७–२८ को संशोधित अनुमान | २०२८–२९ को अनुमान |
|---|---|---|---|
| ६८,३८,२५ | कुल खर्च | ८१,९२,१४ | १,१३,७४,३२ |
| २१,९१,०९ | साधारणतर्फ | ३३,०१,६१ | ३६,७६,५९ |
| ४६,४७,१६ | विकासतर्फ | ४८,९०,५३ | ७६,९७,७३ |
| | खर्च ब्यहोरिने स्रोतहरू | | |
| ४६,४०,३१ | राजस्वबाट | ४५,१६,९४ | ५६,०६,५० |
| | आयको वर्तमान स्रोतबाट | | ५५,०१,५० |
| | कर प्रस्तावबाट | | १,०५,०० |
| २४,३७,४१ | विदेशी सहायताबाट | २७,०८,०० | ३५,२३,१८ |
| १३,९५,६१ | भारत | १२,६०,०० | १५,००,०० |
| ४,८४,७० | चीन | ६,००,०० | ६,९१,३२ |
| ४,३७,०० | अमेरिका | ५,९०,०० | ६,७२,०० |
| ५१,१० | बेलायत | ७०,०० | १,३०,०० |
| ४५,०० | रूस | ३५,०० | ६०,०० |
| २४,०० | अन्य | १,५३,०० | ४,६९,८६ |
| +२,३९,४७ | बचत (+) वा न्यून (−) | −९,६७,२० | −२२,४४,६४ |
| | ब्यहोरिने स्रोतहरू | | |
| ७५,५४ | विदेशी ऋण | ४,२२,०० | ९,५२,०० |
| २,००,०० | आन्तरिक ऋण | ३,००,०० | ९,००,०० |
| −५,१५,०१ | नगद मौज्दात (बचत −) | २,४५,२० | ३,९२,६४ |

आधिकारिकता मुंद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

125

## राजस्व अनुमान

रू. हजारमा

| क्र. सं. | शीर्षक | उप-शीर्षक | * २०२६–२७ को यथार्थ | २०२७.२८ को संशोधित अनुमान | २०२८–२९ को अनुमान: वर्तमान स्रोतबाट | २०२८–२९ को अनुमान: कर परिवर्तनबाट | २०२८–२९ को अनुमान: जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | ४६,४०,३१ | ४५,१६,६४ | ५५,०१,५० | १,०५,०० | ५६,०६,५० |
| १ | भन्सार | | १९,३५,१२ | १५,०२,८५ | २१,७७,०० | १९,०० | २१,९६,०० |
| | | (क) निकासीबाट– | २,१७,४० | १,८६,१२ | ३,९६,०० | × | ३,९६,०० |
| | | (ख) पैठारीबाट– | १२,५४,७५ | ९,०८,९५ | १२,७७,०० | १९,०० | १२,९६,०० |
| | | (ग) भारतबाट अन्त: शुल्क फिर्ता– | ४,४७,३१ | ३,९८,७८ | ४,९४,०० | × | ४,९४,०० |
| | | (घ) विविध– | १५,६६ | ९,०० | १०,०० | × | १०,०० |
| २ | अन्त: शुल्क | | ३,८१,२४ | ४,९४,१३ | ५,५०,०० | ३१,०० | ५,८१,०० |
| | | (क) ठेक्का रकम– | ९०,५५ | १,४८,७२ | १,५०,०० | × | १,५०,०० |
| | | (ख) औद्योगिकउत्पादन– | २,३५,८३ | ३,०१,१४ | ३,४०,०० | ३१,०० | ३,७१,०० |
| | | (ग) कृषिउत्पादन– | ४५,३२ | २७,८६ | ४४,०० | × | ४४,०० |
| | | (घ) विविध– | ९,५४ | १६,४१ | १६,०० | × | १६,०० |
| ३ | मालपोत | | ८,७७,१८ | ८,८०,०० | ८,८०,०० | × | ८,८०,०० |
| | | (क) रैकर | ८,७७,१८ | ८,८०,०० | ८,८०,०० | × | ८,८०,०० |
| ४ | वन | | १,७७,२७ | १,२५,०० | २,२५,०० | × | २,२५,०० |
| | | (क) लकडी बिक्री– | १,५६,२८ | १,०९,७० | २,०९,७० | × | २,०९,७० |
| | | (ख) शिकार तथा रवायल्टी– | ७४ | ३० | ३० | × | ३० |
| | | (ग) विविध– | २०,२५ | १५,०० | १५,०० | × | १५,०० |
| ५ | कर | | ७,६३,५६ | ८,६५,४२ | ९,४३,०० | ५०,०० | ९,९३,०० |
| | | (क) आय कर– | १,९६,३४ | १,९८,०० | २,२५,०० | × | २,२५,०० |
| | | (ख) मनोरञ्जन कर | २२,४३ | २३,७२ | २६,०० | × | २६,०० |
| | | (घ) शहरी क्षेत्रको घर जग्गा– | ५,४८ | ६,९१ | ८,०० | × | ८,०० |
| | | (ङ) सवारी कर– | × | × | × | ५०,०० | ५०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 920

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२६।२७ को यथार्थ | २०२७।२८ को संशोधित अनुमान | २०२८।२९ को अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
| | | (च) हवाई उडानकर | ५,२१ | ५,५० | ६,०० | × | ६,०० |
| | | (छ) होटल कर– | ५,०६ | ६,०० | ७,०० | × | ७,०० |
| | | (ज) ठेक्का कर– | १७,५५ | १८,४६ | २०,०० | × | २०,०० |
| | | (झ) बिक्री कर– | ५,१०,९० | ६,०६,०० | ६,५०,०० | × | ६,५०,०० |
| | | (ञ) विविध– | ५९ | ८३ | १,०० | × | १,०० |
| ६ | रजिष्ट्रेशन | | १,५५,८३ | १,५८,४६ | १,६५,०० | × | १,६५.०० |
| | | (क) घर जग्गा– | १,४४,७८ | १,४८,०० | १,५०,०० | × | १,५०,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन– | १,४० | ६० | २,०० | × | २,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ०३ | ०६ | १,०० | × | १,०० |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन– | १,४२ | १,५० | २,०० | × | २,०० |
| | | (ङ) सवारीलाइसेन्स | ८,२० | ८,३० | १०,०० | × | १०,०० |
| ७ | सिंचाई पानी | | १०,८५ | १२,०० | १५,०० | × | १५,०० |
| | | (क) पानी पोत– | १,७५ | २,०० | ३,०० | × | ३,०० |
| | | (ख) धारा महसूल– | ९,१० | १०,०० | १२,०० | × | १२,०० |
| ८ | संचार | | ४६,४२ | ४५,०० | ५०,०० | × | ५०,०० |
| | | (क) हुलाक– | ४४,८८ | ४५,०० | ५०,०० | × | ५०,०० |
| | | (ख) दूर सञ्चार– | १,५४ | × | × | × | × |
| ९ | यातायात | | ६,७६ | ९,०१ | १०,०० | ५,०० | १५,०० |
| | | (क) हवाई– | ५,६३ | ७,०० | ८,०० | × | ८,०० |
| | | (ख) विविध– | १,१३ | २,०१ | २,०० | ५,०० | ७,०० |
| १० | सांवा ब्याज तथा लाभांश | | १,८९,१३ | ३,३४,०० | ३,७५,०० | × | ३,७५०० |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज– | ५४ | × | × | × | × |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२६–२७ को यथार्थ | २०२७–२८ को संशोधित अनुमान | २०२८–२९ को अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्तमान स्रोतबाट | कर परि. वर्तनबाट | जम्मा |
| | | (ख) सरकारी कर्मचारीलाई दिएकोऋणकोब्याज | ४०१ | ४०० | ४०० | × | ४०० |
| | | (ग) शेयरमा लगानी | १,३६,२६ | ३,००,०० | ३,४१,०० | × | ३,४१,०० |
| | | (घ) कम्पनीकर्पोरेशनलाई गएको ऋण फिर्ता– | ४५,३२ | × | × | × | × |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता – | × | ३०,०० | ३०,०० | × | ३०,०० |
| ११ | निजामतीप्रशासन | | ४८,३३ | ६३,६२ | ८०,०० | × | ८०,०० |
| | | (क) न्याय– | १७,६० | २०,०० | २०,०० | × | २०,०० |
| | | (ख) शिक्षा– | ८,८५ | ६,०० | १०,०० | × | १०,०० |
| | | (ग) स्वास्थ्य– | ४,६३ | ५,१० | ६०० | × | ६,०० |
| | | (घ) पशु तथा मत्स्य पालन– | ७,३१ | ७,५० | १०,०० | × | १०,०० |
| | | (ङ) सूचना तथा प्रसार– | १,२७ | १,३० | २,०० | × | २,०० |
| | | (च) विविध– | ८,३७ | २१,०२ | ३२,०० | × | ३२,०० |
| १२ | विविध | | ४८,६२ | २७,१५ | ३१,५० | × | ३१,५० |
| | | (क) पासपोर्ट रभिसा | ११,४१ | १२,०० | १५,०० | × | १५,०० |
| | | (ख) अभियान र्‍वायल्टी– | १,५२ | १,५० | २,०० | × | २०० |
| | | (ग) भारत सरकार बाटआउने– | १३,५० | १३,५० | १३,५० | × | १३,५० |
| | | (घ) अरू फुटकर– | २२,१६ | १५ | १,०० | × | १,०० |

★ विभिन्न मन्त्रालयहरूबाट प्राप्त हिसाबको आधारमा तयार गरिएको। महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण पुरा हुन बाँकी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२८।२९ को
## व्यय अनुमान

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १ | १–१ | श्री ५ महाराजाधिराज तथा | ६५,२८ | × | ६५,२८ |
| संवैधानिक | | राजपरिवार | | | |
| अङ्गहरू | १–२ | राजसभा | ३,०७ | × | ३,०७ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४६,१२ | × | ४६,१२ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १८,७३ | × | १८,७३ |
| | १–५ | सर्वोच्च अदालत | १३,६२ | × | १३,६२ |
| | १–६ | लोक सेवा आयोग | १२,१३ | × | १२,१३ |
| | १–७ | निर्वाचन आयोग | २२,९० | × | २२,९० |
| २ | २–१ | मन्त्रिपरिषद् | १४,७० | × | १४,७० |
| साधारण | २–२ | श्री ५ को सरकारको सचिवालय | १,१२,६४ | × | १,१२,६४ |
| प्रशासन | २–३ | जिल्ला प्रशासन | १,३०,४६ | × | १,३०,४६ |
| | २–४ | प्रहरी | ३,१४,७१ | × | ३,१४,७१ |
| | २–५ | कारागार | ५६,९५ | × | ५६,९५ |
| | २–६ | विविध | ३७,५३ | × | ३७,५३ |
| ३ | ३–१ | मालपोत | ७१,४३ | × | ७१,४३ |
| राजस्व | ३–२ | भन्सार | ४२,०७ | × | ४२,०७ |
| प्रशासन | ३–३ | अन्तःशुल्क | १८,८१ | × | १८,८१ |
| | ३–४ | कर | १९,८० | × | १९,८० |
| | ३–५ | आय र कर अदालत | १,६० | × | १,६० |
| ४ | ४–१ | योजना | × | ५,०० | ५,०० |
| आर्थिक प्रशा- | ४–२ | तथ्यांक | १६,८३ | ६०,१५ | ७६,९८ |
| नस र योजना | ४–३ | टकसार | २१,०३ | × | २१,०३ |
| | ४–४ | महालेखापालको कार्यालय | ११,३८ | × | ११,३८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | ५–१ | अदालत | ५८,२७ | × | ५८,२७ |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ५,८८ | × | ५,८८ |
| ६ वैदेशिक सेवा | ६–१ | वैदेशिक सेवा | १,३८,७१ | × | १,३८,७१ |
| | ६–२ | विविध | ३८,९६ | × | ३८,९६ |
| ७ रक्षा | ७–१ | रक्षा | ६,३२,४८ | × | ६,३२,४८ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ३,७६,१० | ३,९९,५० | ७,७५,६० |
| | ८–२ | स्वास्थ्य | १,७४,२५ | ३,४८,१६ | ५,२२,४१ |
| | ८–३ | पिउने पानी | १२,२८ | ९४,२९ | १,०६,५७ |
| | ८–४ | पञ्चायत | १,१३,७५ | १,८०,९० | २,९४,६५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ९२,७६ | ३६,६० | १,२९,३६ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ७१,४४ | ६,४२,६४ | ७,१४,०८ |
| | ९–२ | सिंचाई | २५,०० | ४,४३,०० | ४,६८,०० |
| | ९–३ | भूमिसुधार | ४३,७८ | ३६,८२ | ८०,६० |
| | ९–४ | कित्ता नापी | १२,१९ | ७३,८० | ८५,९९ |
| | ९–५ | वन | ४७,३८ | १,८७,३० | २,३४,६८ |
| | ९–६ | उद्योग तथा खानी | १७,१२ | ८,३८,८८ | ८,५६,०० |
| | ९–७ | संचार | १,००,१८ | १,००,५१ | २,००,६९ |
| | | (क) हुलाक | (१,००,१८) | (१५,१६) | (१,१५,३४) |
| | | (ख) दूर सञ्चार | × | (८५,३५) | (८५,३५) |
| | ९–८ | यातायात | १,२६,८५ | ३४,९८,३० | ३६,२५,१५ |
| | | (क) सडकहरू | (९०,०८) | (२६,५८,२८) | (२७,४८,३६) |
| | | (ख) पुलहरू | × | (१,१५,००) | (१,१५,००) |
| | | (ग) हवाई | (३६,७७) | (७,२५,०२) | (७,६१,७९) |
| | ९–९ | विद्युत् | ३९,७८ | ३,८९,६९ | ४,२९,४७ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ७,३६ | ८१,६४ | ८९,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ६७,०० | × | ६७,०० |
| ११ साँवा र व्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ३५,६२ | × | ३५,६२ |
| | ११–२ | व्याज भुक्तानी | १,०३,७७ | × | १,०३,७७ |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३०,०० | × | ३०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ७४,०० | × | ७४,०० |
| | १२–३ | अतिथि सत्कार | ३,५० | × | ३,५० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | १,०० | × | १,०० |
| | १२–५ | मुआब्जा | ५,०० | × | ५,०० |
| | १२–६ | मेट्रिक नाप तौल | ४,३६ | × | ४,३६ |
| | १२–७ | अन्य | १,३१,०३ | २,०८,०० | ३,३९,०३ |
| | १२–८ | भैपरि आउने | ३०,०० | ५०,०० | ८०,०० |
| | १२–९ | प्रशासन सुधार | ५,०० | २२,५५ | २७,५५ |
| | | | ३६,७६,५९ | ७६,९७,७३ | १,१३,७४,३२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२२

## २०२८।२९ को संशोधित अनुमान

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६४,५२ | × | ६४,५२ |
| | १–२ | राजसभा | २,९० | × | २,९० |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४३,०८ | × | ४३,०८ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १८,०२ | × | १८,०२ |
| | १–५ | सर्वोच्च अदालत | १२,५८ | × | १२,५८ |
| | १–६ | लोक सेवा आयोग | ६,३४ | × | ६,३४ |
| | १–७ | निर्वाचन आयोग | २०,९७ | × | २०,९७ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | ६,२८ | × | ६,२८ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,०५,१६ | × | १,०५,१६ |
| | २–३ | जिल्ला प्रशासन | ७२,५१ | × | ७२,५१ |
| | २–४ | प्रहरी | ३,०२,१२ | × | ३,०२,१२ |
| | २–५ | कारागार | ४६,२० | × | ४६,२० |
| | २–६ | विविध | २८,१२ | × | २८,१२ |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ९५,१५ | × | ९५,१५ |
| | ३–२ | भन्सार | ४६,५० | × | ४६,५० |
| | ३–३ | अन्तःशुल्क | १६,९६ | × | १६,९६ |
| | ३–४ | कर | १८,९० | × | १८,९० |
| | ३–५ | आय र कर अदालत | १,५९ | × | १,५९ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | × | ५५ | ५५ |
| | ४–२ | तयाङ्क | १३,७० | ५५,११ | ६८,८१ |
| | ४–३ | टकसार | १०,८० | × | १०,८० |
| | ४–४ | महालेखापालको कार्यालय | १७,७२ | × | १७,७२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | ५–१ | अदालत | ५६,२० | × | ५६,२० |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ४,६५ | × | ४,६५ |
| ६ वैदेशिक सेवा | ६–१ | वैदेशिक | १,१७,२० | × | १,१७,२० |
| | ६–२ | विविध | ४२,५७ | × | ४२,५७ |
| ७ रक्षा | ७–१ | रक्षा | ६,०२,२० | × | ६,०२,२० |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २,९४,०० | २,३४,३९ | ५,२८,३९ |
| | ८–२ | स्वास्थ्य | १,४२,१० | २,५७,०० | ३,९९,१० |
| | ८–३ | पिउनेपानी | १०,०८ | ९२,३६ | १,०२,४४ |
| | ८–४ | पञ्चायत | १,४४,०२ | ६६,६० | २,१०,६२ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ८६,३० | १२,५० | ९८,८० |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ६४,८७ | ४,९५,९८ | ५,६०,८५ |
| | ९–२ | सिंचाई | १६,७६ | १,९८,६२ | २,१५,३८ |
| | ९–३ | भूमिसुधार | ५३,७८ | ४७,७५ | १,०१,५३ |
| | ९–४ | कित्ता नापी | ९,५० | ६०,६६ | ७०,१६ |
| | ९–५ | बन | ३७,४६ | ७७,४२ | १,१४,८८ |
| | ९–६ | उद्योग तथा खानी | १४,९८ | ४,१३,४२ | ४,२८,४० |
| | ९–७ | संचार | ९०,७० | १,२४,२२ | २,१४,९२ |
| | | (क) हुलाक | (९०,७०) | (१२,२२) | (१,०२,९२) |
| | | (ख) दूर संचार | × | (१,१२,००) | (१,१२,००) |
| | ९–८ | यातायात | १,०६,०० | २३,८५,९३ | २४,९१,९३ |
| | | (क) सडकहरू | (७०,९८) | (१९,१४,०८) | (१९,८५,०६) |
| | | (ख) पुलहरू | × | (४२,३६) | (४२,३६) |
| | | (ग) हवाई | (३५,०२) | (४,२९,४९) | (४,६४,५१) |
| | ९–९ | विद्युत् | ३०,६२ | २,६८,०४ | २,९८,६६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १७,०८ | २२,४३ | ३९,५१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ७२,२५ | × | ७२,२५ |
| ११ साँवा र ब्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ३६,२६ | × | ३६,२६ |
| | ११–२ | ब्याज भुक्तानी | ५६,६० | × | ५६,६० |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३१,६० | × | ३१,६० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ६४,८० | × | ६४,८० |
| | १२–३ | अतिथि सत्कार | १,३० | × | १,३० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ७५ | × | ७५ |
| | १२–५ | मुआब्जा | १४,१६ | × | १४,१६ |
| | १२–६ | मेट्रिक नाप तौल | २,०० | × | २,०० |
| | १२–७ | अन्य | ८७,५० | २०,०० | १,०७,५० |
| | १२–८ | भैपरि आउने | ३७,२० | ५०,०० | ८७,२० |
| | १२–९ | प्रशासन सुधार | × | ७,५५ | ७,५५ |
| | | | ३३,०१,६१ | ४८,९०,५३ | ८१,९२,१४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०२६।२७ को यथार्थ
## (साधारण)

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | रू. हजारमा* |
|---|---|---|---|
| १ | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६१,०२ |
| संवैधानिक | २ | राजसभा | १,८९ |
| अङ्गहरू | ३ | राष्ट्रिय पञ्चायत | २२,७१ |
| | ४ | महालेखा परीक्षकको विभाग | १३,५७ |
| | ५ | सर्वोच्च अदालत | ९,६२ |
| | ६ | लोक सेवा आयोग | ८,१८ |
| | ७ | निर्वाचन आयोग | ९,३७ |
| २ | ८ | मन्त्रिपरिषद् | ८,३४ |
| साधारण | ९ | श्री ५ को सरकारको सचिवालय | ५३,७८ |
| प्रशासन | १० | जिल्ला प्रशासन | ३८,६९ |
| | ११ | प्रहरी | ३,६४,१६ |
| | १२ | कारागार | २८,९५ |
| | १३ | विविध | २४,४० |
| | १४ | मालपोत | ९३,०२ |
| ३ | १५ | भन्सार | ५२,९३ |
| आयकर | १६ | अन्तःशुल्क | ११,२२ |
| प्रशासन | १७ | कर | १२,६५ |
| | १८ | आय र कर अदालत | १,३५ |
| ४ | १९ | तथ्याङ्क | १,३७ |
| आर्थिक प्रशासन | २० | कित्ता नापी | १,५६ |
| र योजना | २१ | टक्सार | १०,२७ |
| | २२ | महालेखापालको कार्यालय | १०,९४ |
| ५ | २३ | अदालत | ४१,४० |
| न्याय प्रशासन | २४ | महान्यायाधिवक्ताको कार्यालय | १,६० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

125

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | रू. हजारमा |
|---|---|---|---|
| ६ | २५ | वैदेशिक | १,०९,१५ |
| वैदेशिक सेवा | २६ | विविध | २९,९४ |
| ७ | २७ | शिक्षा | १,६४,३९ |
| सामाजिक | २८ | स्वास्थ्य | १,१७,७२ |
| सेवाहरू | २९ | सूचना तथा प्रसार | ३२,४० |
| | ३० | पञ्चायत | १५,५७ |
| ८ | ३१ | कृषि | ८,३० |
| आर्थिक | ३२ | बन | ४६,४३ |
| सेवाहरू | ३३ | उद्योग तथा वाणिज्य | १२,८५ |
| | ३४ | सञ्चार | ६०,५३ |
| | ३५ | यातायात | २२,८६ |
| | ३६ | विद्युत् | ५,२३ |
| | ३७ | निर्माण | १,०१,०५ |
| | ३८ | लगानी ऋण तथा ब्याज | ५५,२३ |
| ९ | | | |
| रक्षा | ३९ | रक्षा | ५,०१,७० |
| १० | ४० | विशिष्टव्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमणखर्च | २५,३७ |
| विविध | ४१ | निवृत्तभरण, भत्ता तथा उपदान | ५८,२६ |
| | ४२ | अतिथि सत्कार | १ ७२ |
| | ४३ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ६० |
| | ४४ | पुनः मतदान | ६२ |
| | ४५ | मुआब्जा | १,०० |
| | ४६ | अन्य आकस्मिक खर्च | × |
| | ४७ | भैपरि आउने | ३७,१८ |
| | | | २१,९१,०९ |

❀ विभिन्न मन्त्रालयबाट प्राप्त हिसाबको आधारमा तयार गरिएको । महालेखा परीक्षकको विभागबाट अन्तिम लेखापरीक्षण पूरा हुन बाँकी ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०२६।२७ को यथार्थ
## (विकाश)

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | रू. हजारमा❀ |
|---|---|---|---|
| ४ | १ | तथ्याङ्क | १३,३० |
| आर्थिक प्रशासन | २ | कित्ता नापी | ६२,३४ |
| र योजना | ३ | बजेट तथा लेखापाल प्रशिक्षण आयोजना | १,९८ |
| ७ | ४ | शिक्षा | २,५७,५७ |
| सामाजिक | ५ | स्वास्थ्य | २,४०,३४ |
| सेवाहरू | ६ | सूचना तथा प्रसार | १६,६९ |
| | ७ | पञ्चायत | ९८,३० |
| ८ | | | |
| आर्थिक सेवाहरू | ८ | कृषि | ३,५३,०५ |
| | ९ | बन | ८१,९८ |
| | १० | उद्योग वाणिज्य | १,७७,९४ |
| | ११ | सञ्चार | ८७,११ |
| | | (क) हुलाक | (२७,०७) |
| | | (ख) दूर सञ्चार | (६०,०४) |
| | १२ | यातायात | २,७१,१३ |
| | १३ | विद्युत् | ३,८९,४५ |
| | | (क) विद्युत् | (३,५४,९४) |
| | | (ख) जमिनमुनिको पानीको सर्भेक्षण | (३४,५१) |
| | १४ | निर्माण | २२,६८,९४ |
| | | (क) सडक | (१९,५३,००) |
| | | (ख) पुल | (१०,१४) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | रू. हजारमा |
| --- | --- | --- | --- |
| | | (ग) भवन | (१,००,५६) |
| | | (घ) सिंचाई | (१,७६,१३) |
| | | (ङ) नदी नियन्त्रण | (२,४१) |
| | | (च) पिउने पानी | (२३,६७) |
| १० विविध | १५ | लगानी, ऋण तथा ब्याज | १,६६,४१ |
| | १६ | इञ्जिनीयरिङ्ग | ५,७५ |
| | १७ | पुनः मतदान | × |
| | १८ | भैपरि आउने | ५०,२८ |
| | १९ | योजना | ६,२४ |
| | २० | प्रशासन सुधार | ७,६३ |
| | २१ | भूमिसुधार | ८६,१७ |
| | २२ | मेट्रिक नाप तौल | १,५६ |
| | | | ४६,४७,१६ |

❋ विभिन्न मन्त्रालयबाट प्राप्त हिसाबको आधारमा तयार गरिएको । महालेखापरीक्षकको विभागबाट अन्तिम लेखापरीक्षण पूरा हुन बाँकी ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिवर्त्य विदेशी विनिमयको
## आय-व्यय विवरण

रू. हजारमा

| क्रम संख्या | शीर्षक | २०२६।२७ को यथार्थ | २०२७।२८ को संशोधित अनुमान | २०२८।२९ को अनुमान |
|---|---|---|---|---|
| | आय | २८,२५,४३ | २४,८६,१० | २३,५०,०० |
| १ | अदृश्य निर्यात | १०,०२,११ | १०,७६,९३ | ११,१०,०० |
| | (क) वेतन र तलब | (४,६४,६५) | ४,९०,९० | (५,००,००) |
| | (ख) लगानीको ब्याज | (४,०६,३७) | (४,०२,५९) | (३,५०,००) |
| | (ग) पर्यटन | (१,३१,०९) | (१,८३,४४) | (२,६०,००) |
| २ | मालसामानको निर्यात | ११,७०,५९ | ७,४३,४२ | ८,००,०० |
| ३ | विदेशी नियोगहरू | ८६,१२ | ८६,६९ | ९०,०० |
| ४ | विदेशी सहायता ✶ | २,२४,२० | ९०,२३ | १,५०,०० |
| ५ | विविध | ३,४२,४१ | ४,८८,८३ | २,००,०० |
| | व्यय | १९,९१,५८ | १९,०८,४७ | २६,०९,६१ |
| १ | अदृश्य आयात | ३३,२९ | ७०,४० | १,५९,७९ |
| २ | मालसामानको आयात | ७,४१,८१ | ७,९२,८१ | २०,०२,४५ |
| | (क) विकास सामानहरू | (६,३२,८४) | (३,१०,९२) | (१२,९१,००) |
| | (ख) उपभोग्य सामानहरू | (१,०८,९७) | (४,८१,८९) | (७,११,४५) |
| ३ | कूटनैतिक नियोगहरू | १,४३,६६ | १,३५,४१ | १,७४,६२ |
| ४ | ऋण मोचन कोष | १,१५,८७ | ३१,१६ | ४०,०० |
| ५ | विविध | ९,५६,९५ | ८,७८,६९ | २,३२,७५ |
| | बचत (+) घाटा (−) | + ८,३३,८५ | + ५,७७,६३ | −२,५९,६१ |

✶ विदेशी अनुदान तथा ऋण

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको विशेष सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४२

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।